# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

**खण्डः ८** | **संख्याः ११** | **मितिः २०८१।१०।२७**


**भाग - १**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँसभाले बनाएको तल लेखिएको बमोजिमको ऐन सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## अस्थायी/करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइने सेवा सुविधा र शर्तका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१

**प्रस्तावनाः** बागमती गाउँपालिकाको कार्यालयमा अस्थायी, करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुको मनोवल उच्च बनाई सेवा प्रति समर्पण भई अभिवृद्धि गर्न अस्थायी, करार सेवा वा सेवा करारमा र शर्त सम्बन्धी कानुन  बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बागमती गाउँपालिकाको गाउँसभाले यो ऐन स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अस्थायी/करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइने सेवा सुविधा र शर्तका सम्बन्धमा व्यवस्था गर्न आर्थिक बनेको ऐन, २०८१" रहेको छ।

(२) यो ऐन बागमती गाउँपालिकाको स्थानीय राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "ऐन" भन्नाले अस्थायी/करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराइने सेवा सुविधा र शर्तका सम्बन्धमा व्यवस्था गर्न आर्थिक बनेको ऐन, २०८१ सम्झनुपर्छ।

ख. "कार्यपालिका" भन्नाले बागमती गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग. "गाउँपालिका" भन्नाले बागमती गाउँपालिकालाई सम्झनु पर्दछ।

घ. "सभा" भन्नाले बागमती गाउँपालिकाको सभा सम्झनु पदर्छ।

ङ. "कार्यालय" भन्नाले बागमती गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ। सो शब्दले वडा समितिको कार्यालय र स्वास्थ्य संस्थालाई समेत सम्झनु पर्दछ।

च. "कर्मचारी" भन्नाले विभिन्न पद तह र स्तरमा यस कार्यालयमा कार्यरत सङ्घीय, प्रदेश तथा स्थानीय अस्थायी सेवा करार र करार सेवामा कार्यरत कर्मचारीहरुलाई सम्झनुपर्छ।

छ. "अध्यक्ष" भन्नाले बागमती गाउँपालिकाको अध्यक्षलाई सम्झनु पदर्छ।

ज. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बागमती गाउँ कार्यपालिकाको प्रमुखलाई सम्झनु पदर्छ।

३. कर्मचारीको म्याद थप सम्बन्धी व्यवस्थाः

(१) यस ऐन बमोजिम अस्थायी सेवा करार वा करार सेवामा कार्यरत सबै तह र स्तरका कर्मचारीहरुको प्रत्येक ६/६ महिनामा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँ कार्यपालिकाले म्याद थप गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम म्याद थपिने कर्मचारी कार्यालयको अभिलेखमा स्वीकृत दरबन्दी भित्र रहेको हुनु पर्नेछ।

४. अभिलेख व्यवस्थापनः यो ऐन स्वीकृत भएको मितिले ३० दिन भित्र स्वीकृत दरबन्दीमा अस्थायी करार सेवा वा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको अभिलेख तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गरिएको हुनु पर्नेछ।

५. सेवा सुविधा सम्बन्धी व्यवस्था

१. यस ऐन बमोजिम कार्यरत कर्मचारीहरुलाई देहाय बमोजिम सेवा सुविधा प्रदान गरिनेछः

(क) निजामती कर्मचारी सरह पोशाक भत्ता वापतको एकमुष्ठ रकम,

(ख) निजामती कर्मचारी सरह वार्षिक एक पटक चाडपर्व खर्च,

(ग) प्रत्येक महिना व्यतित भएपछि गाउँ कार्यपालिकाले तोके बमोजिम सम्झौतामा उल्लिखित पारिश्रमिक रकम,

(घ) कार्यालयको कामको सिलसिलामा कुनै स्थानमा भ्रमण खटाइएमा स्वीकृत भ्रमण आदेश बमोजिम नियम अनुसारको भ्रमण खर्च,

६. विदा सम्बन्धी व्यवस्थाः

(१) यस ऐन बमोजिम कार्यरत कर्मचारीहरुले तपशिल अनुसार विदाको सुविधा पाउनेछन् तर एक आर्थिक वर्षको विदा अर्को आर्थिक वर्षमा भने संचित हुने छैन।

(क) भैपरी र पर्व विदाः वार्षिक १२ दिन

(ख) बिरामी विदाः वार्षिक ६ दिन (संचित नहुने)

(ग) प्रसुती विदाः ९८ दिन (अघि वा पछि)

(घ) प्रसुती स्याहार विदाः १५ दिन (२ पटक)

(ङ) किरिया विदाः १५ दिन

७. कार्यसम्पादन मूल्याङ्कनः यस ऐन बमोजिम कार्यरत कर्मचारीहरुको प्रत्येक वर्ष करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौता मापदण्ड, २०७८ बमोजिम हुनेछ।

८. पदमुक्त हुने अवस्थाः यस ऐन बमोजिम करार सेवामा वा सेवा करारमा कार्यरत कर्मचारीहरु देहायका अवस्थामा मात्र पद मुक्त हुनेछ।

(क) प्रचिलित कानुन बमोजिम लोकसेवा आयोगबाट स्थायी, अस्थायी सेवा करारमा वा करार सेवामा नियुक्ति भएको कर्मचारीहरुको दरबन्दीमा स्थायी पदपूर्ति भएमा,

(ख) निजले राजीनामा दिएमा,

(ग) विभागीय कारवाही भएमा,

(घ) कार्यपालिकाले म्याद थप नगरेमा,

(ङ) खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि प्रचलित कानुन बमोजिम विभागीय कारवाही प्रकृया अवलम्बन र आवश्यक सजाय भने प्रमुख प्रशासकीय अधिकृतबाट गरिनेछ।

(च) करार सेवामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन तथा थप अवधिको लागि करार सम्झौता सम्बन्धी मापदण्ड, २०७८ अनुसार तोकिएको न्यूनतम अंक प्राप्त नगरेमा

९. कर्मचारीको दायित्वः (१) यस ऐन बमोजिम कार्यरत कर्मचारीले कार्यालयको निर्देशनमा निजको पद तह योग्यता र अनुभव बमोजिम जुनसुकै प्रकृतिको काम र समयमा आफ्नो सेवा उपलब्ध गराउन पर्नेछ।
(२) उपदफा (१) बमोजिमको कार्य नगरेमा ऐन बमोजिमको अधिकारीले उक्त कर्मचारीलाई विभागीय कारवाही प्रकृया अवलम्बन गरी सजाय गर्न सक्नेछ।

१०. दण्ड सजायः यस ऐन बमोजिम कार्यरत कर्मचारीलाई प्रचलित निजामती सेवा ऐन बमोजिम नै दण्ड सजाय हुनेछ।

११. नियम बनाउन सक्नेः यस ऐनको अधिनमा रहि गाउँ कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाउन सम्झनेछ।

बागमती गाउँपालिका, मकवानपुर

१२. बाधा अड्काउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै वाधा परेमा गाउँ कार्यपालिकाले निर्णय गरी त्यस्ता वाधा अड्काउ फुकाउन सक्नेछ र निर्णय गाउँ सभाले अनुमोदन गरेमा यस ऐनमा परे सरह मानिनेछ।

आज्ञाले,
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर